# पाठ ३

# ख्रीष्टियान शिक्षण विशेष छ

पुरानो करार र नयाँ करार दुवैमा भएको शिक्षणको महत्त्वपूर्णतालाई हामीले यसभन्दा पहिलेको पाठमा देख्यौं। बाइबलमा भएको शिक्षणको इतिहास आज शिक्षण सेवाको निम्ति हाम्रो पथ-प्रदर्शक हो।

हामी *किन* सिकाउँछौं भन्ने कुरालाई हामी यस पाठमा हेर्नेछौं। प्रत्येक व्यक्तिलाई सिकाइनु आवश्यक पर्छ। तर प्रत्येक व्यक्तिलाई त्यही कुरा त्यही समयमा नै सिकाइनुचाहिँ आवश्यक पर्दैन। अरूहरूलाई अन्य विषयहरू सिकाइनु आवश्यक पर्छ र यसरी उनीहरू ख्रीष्टियानका रूपमा वृद्धि हुन सक्छन्। अनि अझै अरूहरूलाई मण्डलीमा सेवा गर्नका लागि तिनीहरूको स्थान पत्ता लगाउनको निम्ति शिक्षणको आवश्यकता पर्छ।

प्रत्येकको जीवनमा शिक्षणको महत्त्वपूर्णताको बारेमा बुझ्न तपाईंले शुरू गरिसक्नुभयो होला भन्ने कुरामा म आशावादी छु। हामी सबैले शिक्षकबाट सिक्नु आवश्यक छ र सिकाउनको



निम्ति हामी सबैलाई आज्ञा गरिएको छ। शिक्षण सेवामा आत्मिक सत्यताहरू दिने र प्राप्त गर्ने दुवै कुराहरू संलग्न भएको हुन्छ।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

उद्धारको निम्ति शिक्षण
आत्मिक वृद्धिको निम्ति शिक्षण
सेवाको निम्ति शिक्षण

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- ख्रीष्टियान शिक्षणको निम्ति आवश्यकीय क्षेत्रहरूलाई बुझ्न।
- ख्रीष्टियान शिक्षणद्वारा कुनै व्यक्तिको जीवनमा हुने आत्मिक वृद्धिलाई उल्लेख गर्न।
- तपाईंको आत्मिक जीवनमा वृद्धिको निम्ति कहाँ तपाईंलाई शिक्षणको आवश्यकता पर्छ सो पत्ता लगाउन।

## उद्धारको निम्ति शिक्षण

उद्देश्य १ : *मानिसको सबैभन्दा ठूलो आवश्यकतामा परमेश्वरको उत्तर पत्ता लगाउनका लागि मानिसहरूलाई के कुरा सिकाइनु आवश्यक छ व्याख्या गर्नुहोस्।*

### परमेश्वरविनाको मानिस

जङ्गलको बाटोमा हिँड्दै जाँदा कोही व्यक्ति हराएको बारेमा तपाईंले सुन्नुभएको होला। उसलाई बाटो देखाउने अर्को कुनै व्यक्ति त्यहाँ थिएन। लामो समयसम्म यताउति भौंतारिएपछि ऊ, भोक र कमजोरीले गर्दा लखतरान भयो। यसरी हराएका कोही-कोही व्यक्ति भेट्टिएका छन्। अरू धेरै जनाहरूचाहिँ हराएका हरायै भएका छन्।

त्यो ता अति नै दुःखको कुरा हो भनी तपाईंले भन्नुहोला। तर जङ्गलमा हराउनुभन्दा पनि अझै खराब कुरा त्यहाँ छ। योचाहिँ परमेश्वरलाई नचिनिकन जीवन बिताउनु हो।

धेरै मानिसहरूले परमेश्वर भेट्टाउनलाई आफ्नो पूरै जीवनभरि नै खोजी गर्छन्। तिनीहरूले धेरै धर्महरूलाई कोशिश गर्छन्। तिनीहरूले अन्य धेरै देवताहरूसँग प्रार्थना गर्छन्। तिनीहरू पैसा तिर्छन् र कड़ा परिश्रम गर्छन्, तर आफूले खोजेको शान्तिचाहिँ तिनीहरू कहिल्यै पाउँदैनन्। यी मानिसहरूचाहिँ जङ्गलमा हराएको मानिसभन्दा पनि अझ धेरै हराएका छन्। परमेश्वरविना मानिसहरू सधैंका लागि नाश हुन्छन्।

सबै ख्रीष्टियानहरूलाई थाहा छ कि तिनीहरू अनन्तसम्म परमेश्वरसँग हुनेछन्। हाम्रो शारीरिक जीवन समाप्त भएपछि

अनन्त शुरू हुन्छ, र यो सधैँभरि रहिरहन्छ। तर परमेश्वरलाई नचिन्ने व्यक्तिलाई चाहिँ उसका पापहरूका निम्ति न्याय गरिनेछ र उसले परमेश्वरविना नै आफ्नो अनन्तता बिताउनुपर्नेछ।

सबैले पाप गरेका छन् र परमेश्वरको उद्धार गर्ने उपस्थितिबाट अलग भएका छन् भनी बाइबलले हामीलाई बताउँछ (रोमी ३:२३)।

एक जना मानिसद्वारा संसारमा पाप आयो, र त्यस पापले आफूसँग मृत्यु ल्यायो। जसको फलस्वरूप, सबै मानव-जातिमा मृत्यु फैलिएको छ (रोमी ५:१२)।

प्रत्येक व्यक्ति नाश भएको छ वा परमेश्वरबाट टाढ़ा भएको छ भनी यी पदहरूले पनि देखाएका छन्। तर त्यहाँ आशा छ। मानिसहरू सधैँभरि नाश भएको परमेश्वर चाहनुहुन्न। तिनीहरूले उद्धारको बारेमा जानेको उहाँ चाहनुहुन्छ।

## येशूद्वारा उद्धार

शिक्षण सेवाको एउटा कार्यचाहिँ परमेश्वरलाई कसरी भेट्टाउन सकिन्छ भनी नाश भएका मानिसहरूलाई देखाउनु हो। येशूलाई हाम्रा उद्धारकर्ताका रूपमा ग्रहण गरेर हामीले उहाँद्वारा परमेश्वरलाई भेट्टाएका छौं। अब हामीले हाम्रा वरिपरि नाशवान अवस्थामा रहेका स्त्री, पुरुष र केटाकेटीहरूसँग यस सन्देशलाई बाँड्नैपर्छ।

येशूमा आउने प्रत्येक व्यक्तिले उद्धार पाउँछ भनी मानिसहरूलाई सिकाउनुपर्छ। यो सबै मानिसहरूका लागि भएको परमेश्वरको सन्देश हो। बाइबलले यसलाई यसरी व्यक्त गरेको छः

> किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो ताकि उहाँमाथि

> विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६)।

उद्धार पाउनका लागि एक व्यक्तिले गर्नैपर्ने दुइवटा कुराहरू मात्र त्यहाँ छन्। तिनीहरू हुन्ः आफ्ना पापहरूबाट पश्चात्ताप र येशूमा विश्वास। पश्चात्ताप गर्नु भनेको अर्थ आफ्ना पापको निम्ति दुःखित भई त्यहाँबाट फर्किनु हो। येशूमा विश्वास गर्नु भनेको अर्थचाहिँ उहाँले गर्छु भन्नुभएको काम उहाँले गर्नुहुनेछ भनी उहाँमा भरोसा राख्नु हो।

उद्धार कसरी पाउन सकिन्छ भनी मानिसहरूलाई सिकाउनका लागि तपाईंले प्रयोग गर्न सक्ने बाइबलका तीनवटा पदहरू यहाँ छन्ः

> पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर (मर्कूस १:१५)।

> प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ (प्रेरित १६:३१)।

> परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन (१ यूहन्ना ५:११-१२)।

यी पदहरूलाई तपाईंले कण्ठ गर्नैपर्छ। तब उद्धार पाउन चाहने व्यक्तिलाई जब तपाईं भेट्नुहुन्छ, उसलाई के कुरा सिकाउनुपर्ने हो सो तपाईंलाई थाहा हुन्छ।

यदि तपाईंले अझै अध्ययन गर्नुभएको छैन भने आई सी आई ख्रीष्टियान जीवन पाठ्यक्रम *व्यक्तिगत सुसमाचार* प्रचार भनिने पुस्तकलाई अध्ययन गर्नुहोस्। उद्धारको आवश्यक परेका

व्यक्तिहरूलाई उद्धारको सम्बन्धमा सिकाउनका लागि तयारी हुन यसले तपाईंलाई सहयोग पुऱ्याउनेछ।

## तपाईंको अभ्यासको निम्ति

१ मानिसको सबैभन्दा ठूलो आवश्यकता को हो?

.....................................................................

२ यस आवश्यकतालाई परमेश्वरको उत्तर के छ?

.....................................................................

३ बायाँपट्टि दिइएको प्रत्येक परिभाषासँग दायाँपट्टि दिइएको शब्दको जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| .... **क.** दुःखित भएर पापबाट फर्किनु | १) अनन्तता |
| .... **ख.** सधैंभरि रहिरहने समय | २) विश्वास |
| .... **ग.** भरोसा राख्नु | ३) पश्चात्ताप |

४ तलको वाक्यलाई पूरा गर्ने बयानको अगाडिको अक्षरको वरिपरि घेरा लगाउनुहोस्ः यदि तपाईंका मित्रले परमेश्वरलाई चिनेका छैनन् भने, तपाईंले

**क.** उनलाई पश्चात्ताप गर्न र येशूमा विश्वास गर्न सिकाउनुहुन्छ।
**ख.** उनलाई विभिन्न धर्महरूका बारेमा सिकाएर, उनको निम्ति उनलाई नै निर्णय गर्न छोडिदिनुहुन्छ।
**ग.** आफूसँग परमेश्वरको बारेमा सोध्नका लागि उनलाई पर्खनुहुन्छ।

## आत्मिक वृद्धिको निम्ति शिक्षण

उद्देश्य २: *हाम्रो आत्मिक वृद्धिको निम्ति महत्त्वपूर्ण भएका दुइ कुराहरूको सूची बनाउनुहोस् र ती किन महत्त्वपूर्ण छन् उल्लेख गर्नुहोस्।*

### वचनमा वृद्धि हुनु

हामीले उद्धार पाइसकेपछि हामी आत्मिक रूपमा वृद्धि हुन रोकिएको परमेश्वरले चाहनुहुन्न। येशूलाई मुक्तिदाताका रूपमा ग्रहण गर्नु केवल शुरू मात्र हो। योचाहिँ परमेश्वरसँग जीवनमा प्रवेश गर्ने ढोका हो। ख्रीष्टियान शिक्षणको उद्देश्यचाहिँ त्यस जीवनमा वृद्धि हुनका लागि ख्रीष्टियानहरूलाई सहयोग पुऱ्याउनु हो।

ख्रीष्टियानहरू वृद्धि हुनका लागि उत्तम उपायचाहिँ परमेश्वरको वचनबाट सिक्नु हो। यसकारण नै हामी सण्डे-स्कूल (बाल-सङ्गति) र मण्डलीमा बाइबल सिकाउँछौं। घरेलु बाइबल अध्ययनहरूमा वा अर्को एक जनालाई मात्र शिक्षण गर्दा पनि बाइबलचाहिँ हाम्रो पाठ्यपुस्तक हो।

मानिसहरूले आफ्नो निम्ति आफैले बाइबल पढ्नुपर्छ भनी हामीले तिनीहरूलाई सिकाउनुपर्छ। बाइबल पढ्न र प्रार्थना गर्नका लागि प्रत्येक व्यक्तिले हरेक दिन समय छुट्ट्याउनुपर्छ। यदि तपाईंले यो आफै गर्नुभयो भने, तपाईं जसलाई सिकाउँदै हुनुहुन्छ तिनीहरूसँगै सिकन र सत्यताहरूको बाँड्चूँड् गर्न सक्नुहुनेछ। तपाईंले सिकाइरहनुभएको कुनै व्यक्तिको जीवनमा समस्या हुँदा उत्तरको निम्ति कसरी परमेश्वरमा र बाइबलमा हेर्ने भनी तपाईं उसलाई सिकाउन सक्नुहुन्छ। यदि अर्को व्यक्तिलाई अझ धेरै

विश्वासको आवश्यकता पऱ्यो भने परमेश्वरमा उसको विश्वासलाई निर्माण गर्नका लागि आफ्नो बाइबल अध्ययन कति धेरै महत्त्वपूर्ण छ भनी तपाईं उसलाई देखाउन सक्नुहुन्छ।

वृद्धिको लागि दिइने शिक्षणमा बाइबल हाम्रो पाठ्यपुस्तक हो। ख्रीष्टियानहरूका निम्ति बाइबल कति धेरै महत्त्वपूर्ण छ भन्ने बारेमा पावलले तिमोथीलाई बताएका छन्।

> सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र सो सिकाउनलाई, अर्ती दिनलाई, सच्च्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस् (२ तिमोथी ३:१६-१७)।

हामीले परमेश्वरको वचन अध्ययन गरेर यसबाट सिक्दा, हामीले सिकेका कुराअनुसार काम गर्नका लागि पवित्र आत्माद्वारा हामीले प्रेरणा पाउँछौं। *प्रेरणा* दिनु भनेको "उत्साहित रूपमा धकेल्नु" हो। ठीक कुराहरू गर्नका लागि पवित्र आत्माले हामीलाई भद्र किसिमले धकेल्नुहुन्छ। हामी उहाँलाई *इन्कार* पनि



गर्न सक्छौं, तर हामीलाई सिकाउन यदि हामीले उहाँलाई दियौं भने, हाम्रो जीवनमा भएका केही पापहरूको क्षमा हामीले उहाँसँग मागेको अर्थ यसले दिन्छ, वा हामीले कुनै साथीबाट केही कुरा लिएर नतिरेको कुरालाई फेरि तिर्नुपर्ने हुन्छ। हामीले यस प्रेरणाको आज्ञा पालन गर्दा, हामी ख्रीष्टजस्तै ख्रीष्टियानहरूमा वृद्धि हुन सक्छौं। तब आज्ञा पालनको महत्त्वको बारेमा हामी अरूहरूलाई पनि सिकाउन सक्छौं।

**पवित्र आत्माको अगुवाइ**

सबै विश्वासीहरूले आफ्ना जीवनमा पवित्र आत्माको अगुवाइ पाउन सक्छन् भन्ने शिक्षाविना आत्मिक वृद्धिको निम्ति भएको शिक्षण अपूर्ण रहन्छ। पेन्तिकोसको दिनमा आफूले दिएको उपदेशमा पत्रुसले यो कुरा बताएका थिए।



पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ, किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ" (प्रेरित २:३८-३९)।

जब हामी ख्रीष्टियानहरूले पवित्र आत्मा प्राप्त गर्छौं, उहाँले हाम्रा हृदयहरूमा परमेश्वरको आज्ञा पालन गर्ने इच्छा राखिदिनुहुन्छ। परमेश्वरको लागि जिउन र काम गर्नका लागि उहाँले हामीलाई सहायता गर्नुहुन्छ। यसरी नै हामी हाम्रो ख्रीष्टियान जीवनमा वृद्धि हुन्छौं।

पवित्र आत्मा हाम्रा शिक्षक पनि हुनुहुन्छ। यूहन्ना १४:२६ मा पवित्र आत्माको बारेमा येशूले भन्नुभएको कुराको सम्बन्धमा हामीले कुराकानी गरिसकेका छौं। त्यस पदलाई फेरि पढ्नुहोस् र तल सोधिएका प्रश्नहरूलाई तपाईं कसरी जवाफ दिनुहुन्छ त्यस बारेमा विचार गर्नुहोस्। येशूले पवित्र आत्मालाई के नाम दिनुभयो? यस नामले उहाँप्रति तपाईंलाई कस्तो अनुभव गर्न लगाउँछ? पवित्र आत्माले तपाईंका निम्ति कुन-कुन दुइ कामहरू गरिदिनुहुन्छ? तपाईंले अरूहरूलाई सिकाउनुहुँदा यसले तपाईंलाई कसरी सहयोग पुऱ्याउँछ?

पवित्र आत्मा वास्तवमा हाम्रा सल्लाहकार हुनुहुन्छ। हामीलाई सिकाउन र येशूका वचनहरूको याद गर्न हामीलाई सहयोग पुऱ्याउनका लागि जब हामी उहाँलाई मौका दिन्छौं, हामी अरूहरूलाई पनि सिकाउन सक्नेहुन्छौं। पवित्र आत्माले स्त्री र पुरुषहरूलाई शिक्षण सेवामा बोलाउनुहुन्छ। आफूले बोलाउनुभएकाहरूलाई उहाँले सिकाउनु पनि हुन्छ।

परमेश्वरमा वृद्धि हुनका लागि हामीले परमेश्वरलाई चिन्नैपर्छ। यदि तपाईंका कोही असल मित्र छन् भने समयको अन्तरालमा तपाईं उनको बारेमा अझ धेरै जान्न चाहनुहुन्छ। परमेश्वरसँग पनि यस्तै नै हुन्छ। परमेश्वरका बारेमा जान्नुपर्ने सबै कुराहरूलाई हामी कहिल्यै पनि जान्न सक्दैनौं। उहाँ अति नै महान् हुनुहुन्छ। तर पवित्र आत्माले परमेश्वरलाई चिन्नुहुन्छ र उहाँको बारेमा हामीलाई सिकाउनुहुनेछ। पावलले भनेका छन्ः

> परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ, किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ। मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन। अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं (१ कोरिन्थी २:१०-१२)।

परमेश्वरबाट आशिषित भएको शिक्षण सेवा हुनका लागि हाम्रो आफ्नै जीवनमा पवित्र आत्माको शिक्षण हुनु आवश्यक छ। तब हामी अरूहरूलाई सिकाउन सक्छौं कि तिनीहरू पवित्र आत्माले भरिएपछि आत्मिक वृद्धि आउँछ।

### तपाईंको अभ्यासको निम्ति

प्रत्येक प्रश्नको सबैभन्दा ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्ः

**५** हामीले उद्धार पाएपछि हामीले के गरेको परमेश्वर चाहनुहुन्छ?
**क**. साथीको समस्याको निम्ति उत्तर पत्ता लगाउनु।
**ख**. दिनहुँ हाम्रो बाइबल पढ्नु।

**६** कोचाहिँ पवित्र आत्माले भरिन सक्छ?
**क**. पास्टरहरू र शिक्षकहरू मात्र।
**ख**. प्रत्येक ख्रीष्टियान।

**७** वृद्धि हुन हामीलाई सहयोग गर्न पवित्र आत्माले के गर्नुहुन्छ?
**क**. ठीक काम गर्नका लागि उहाँले हामीलाई प्रेरणा दिनुहुन्छ।
**ख**. हामीलाई सिद्ध बनाउनुहुन्छ, यसैले हामी पाप नै गर्दैनौं।

**८** आत्मिक रूपमा वृद्धि हुनका लागि बाइबलको पढ़ाइले ख्रीष्टियानहरूलाई कसरी सहयोग पुग्छ?
**क**. सिक्ने हाम्रो क्षमतालाई यसले वृद्धि गरिदिन्छ।
**ख**. यसले हामीलाई सत्यता सिकाउँछ।

✔ **तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्**

## सेवाको निम्ति शिक्षण

उद्देश्य ३ः *मण्डलीमा भएका सेवाका केही क्षेत्रहरूको सूची बनाउनुहोस्, जहाँ हामीलाई सिकाएझैं हामी सेवा गर्न सक्छौं।*

हाम्रो आत्मिक वृद्धिमा रोकिनुपर्ने कुनै स्थान त्यहाँ छैन। हामी नमरूञ्जेलसम्म हामी सबै जना हाम्रो ख्रीष्टियान जीवनमा

वृद्धि हुनु आवश्यक छ। ख्रीष्टियानको निम्ति परमेश्वरको योजनामा भएका उद्देश्यहरूमध्येको एउटा उद्देश्यचाहिँ हामीले असल काम गरौं भन्ने हो। हामीले गरेका यी असल कामहरूद्वारा हामीले उद्धार पाएका होइनौं। उद्धार परमेश्वरबाट आउँछ। तर हामीले उद्धार पाएका हुनाले परमेश्वरको निम्ति काम गर्नका लागि उहाँका पवित्र आत्माले हामीलाई प्रेरणा दिनुहुन्छ।

परमेश्वरले चाहनुभएको काम हामीले गर्दा हामी निरन्तररूपमा उहाँमा वृद्धि हुनेछौं। अर्को व्यक्तिको निम्ति केही गरिदिएर हामी धेरै पल्ट असल काम देखाउन सक्छौं। तपाईंले चिन्नुभएकी कुनै आमा बिरामी होलिन् र आफ्नो परिवारको वास्ता गर्न सकेकी छैनन्। एउटा असल कामचाहिँ तिनीहरूलाई केही खाना पुऱ्याइदिनु वा त्यस सानो बालकको हेरचाहा गर्नु हो। तपाईं ख्रीष्टियान हुनुभएको कारणले तपाईंले देखाउन सक्नुहुन्छ कि परमेश्वरले पनि तिनलाई प्रेम गर्नुहुन्छ।

अरूहरूलाई सहायता पुऱ्याउनका लागि जब हामी हाम्रो समय र रुपियाँपैसालाई प्रयोग गर्छौं, तब हाम्रा आत्मिक जीवनमा वृद्धि हुन्छ। हामी हाम्रो मण्डलीमा, हाम्रो बस्ने ठाउँमा र हामीले काम गर्ने ठाउँमा यो गर्छौं। मण्डलीको काममा सहयोग पुऱ्याउनका लागि मानिसहरूले आ-आफ्ना दशांश र भेटीहरू ल्याउनुपर्छ भनी हामीले मण्डलीमा सिकाउनैपर्छ। स्वइच्छा र आनन्दित आत्मसाथ दिने मानिसहरूलाई परमेश्वरले आशिष् दिनुहुन्छ। मानिसहरूले मण्डलीमा यसो गर्न सिकेपछि परमेश्वरका आशिष्हरूका निम्ति उहाँमा राखिने आफ्नो भरोसामा तिनीहरू वृद्धि हुनेछन्।

हामीलाई दिइएका वरदानहरूद्वारा कसरी परमेश्वरको सेवा गर्न सकिन्छ भनी सिक्ने ठाउँचाहिँ मण्डली नै हो। वरदानहरूचाहिँ परमेश्वरले हामीलाई दिनुभएका विशेष खुबीहरू

हुन्। उदाहरणको लागि, कोही मानिसहरूले गाउँन सक्छन्। अरूहरूले चाहिँ त्यसो गर्न सक्दैनन्, गाउनुचाहिँ एउटा वरदान (खूबी) हो। आफ्ना वरदानहरूलाई कसरी प्रयोग गर्न सकिन्छ भनी ख्रीष्टियानहरूले जानून् भन्ने हेतुले उनीहरूलाई शिक्षण दिइनु आवश्यक छ।

मण्डलीलाई एकैसाथ काम गर्नका लागि सक्षम बनाउन पनि शिक्षण दिइनुपर्छ। सण्डे-स्कूल (बाल-सङ्गति) मा हाम्रा शिक्षकहरू र सेवकहरूलाई शिक्षणको आवश्यकता छ। तिनीहरूलाई तालीम दिनका लागि कक्षाहरूको सञ्चालन गर्न सकिन्छ। कसरी प्रभु-भोज बाँड्ने, कसरी नव आगन्तुकहरूलाई अभिवादन गर्ने, र कसरी अन्य महत्त्वपूर्ण मण्डली सेवाहरू सञ्चालन गर्ने सम्बन्धमा अरू सेवकहरूलाई सिकाइनु आवश्यक छ।



## तपाईंको अभ्यासको निम्ति

**६** तल दिइएको प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** आत्मिक वृद्धि उद्धारपछि छोटो समयको निम्ति मात्र रहन्छ।

**ख.** परमेश्वरलाई रुपियाँपैसा दिनको लागि ख्रीष्टियानहरूलाई सिकाइनुपर्छ, किनकि तिनीहरूले यसो गर्नैपर्छ।

**ग.** हामीले परमेश्वरको प्रेम कसैलाई देखाउँदा हामी परमेश्वरमा बढ्छौं भन्ने कुरा हामीले सिकाउनुपर्छ।

**घ.** शिक्षकहरूलाई सिकाइनु आवश्यक छ।

**ङ.** यदि कसैले मण्डलीमा सेवा गर्न चाहन्छन् भने, उसले तालीम नै नलिएको भए तापनि उसलाई त्यसो गर्न दिनुपर्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ परमेश्वरलाई भेट्टाउनु

६ **क** बेठीक
**ख** बेठीक
**ग** ठीक
**घ** ठीक
**ङ** बेठीक

२ येशू ख्रीष्टमा विश्वास गर्नु।

८ ख) यसले हामीलाई सत्यता सिकाउँछ।

३ ३) पश्चात्ताप
१) अनन्तता
२) विश्वास

७ क) ठीक काम गर्नका लागि उहाँले हामीलाई प्रेरणा दिनुहुन्छ।

४ क) उनलाई पश्चात्ताप गर्न र येशूमा विश्वास गर्न सिकाउनुहुन्छ।

६ ख) प्रत्येक ख्रीष्टियान

५ ख) दिनहुँ हाम्रो बाइबल पढ्नु